# धितोपत्रको कारोबारको राफसाफका क्रममा बिक्रीकर्ताबाट अनावश्यक रुपमा भइरहेको Close out सम्बन्धमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको गम्भीर ध्यानाकर्षण भएको सूचना

हाल धितोपत्रको दोस्रो बजारमा भएका कारोबारको राफसाफ गर्ने क्रममा बिक्रीकर्ताको खराब मनासयले गर्दा खरिदकर्ताले खरिद गरे बापतको शेयर प्राप्त नभईरहेको अवस्था प्रति यस लिमिटेडको गम्भीर ध्यानाकर्षण भईरहेको छ। Close Out मा परेका राफसाफको तथ्यांक हेर्दा धितोपत्रको बिक्री पश्चात् T+3 सम्म बजार मूल्यमा २० प्रतिशत भन्दा बढीले बढेको अवस्थामा केहि लगानीकर्ताले नियतबस धितोपत्रको हस्तान्तरण नगरेको पाईएको छ। यस्तो किसिमको कार्यले धितोपत्रको दोस्रो बजारमा बिश्वस्नीयतामा आँच आउने हुँदा अब उप्रान्त यस्तो कार्य गरेको पाईएमा "धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट बिनियमावली, २०६९"को बिनियम २३ बमोजिम त्यस्ता हितग्राहीहरुको सूची तयार गरी सम्पूर्ण राफसाफ सदस्यलाई जानकारी गराउनुका साथै त्यस्ता लगानीकर्ताहरुको सूची यस लि. को वेभसाइटमा समेत प्रकाशित गरिने तथा बजारको विश्वसनीयता अभिबृद्धी गर्नका लागि आवश्यकता अनुसार थप कारबाहीको प्रकृया अगाडी बढाईने ब्यहोरा सरोकारवाला सबैको जानकारीको लागि सूचित गरिन्छ।

साथै अभौतिक धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यविधि, २०७० को दफा ८ बमोजिम बिक्रीकर्ताले कारोबार सम्पन्न भएको २ (दुई) कार्य दिन (T+2) को अपरान्ह ४ बजे भित्र अफ्नो हितग्राहि खाता भएको निक्षेप सदस्यलाई निर्देशन पूर्जी जारी गरी राफसाफ सदस्यको पूल एकाउन्टमा धितोपत्र जम्मा गर्न समेत सम्पूर्ण लगानीकर्ताहरुलाई जानकारी गराईन्छ। तोकिएको समयावधिभित्र राफसाफ सदस्यको पूल एकाउन्टमा धितोपत्र जम्मा नगरिएमा सो कारणले हुन आउने क्षतिको जिम्मेवारी लगानीकर्ता स्वंयले व्यहोर्नु पर्ने ब्यहोरा सरोकारवाला सबैको जानकारीको लागि सूचित गरिन्छ।

**CDS and Clearing Limited**
**Share Market Commercial Complex**
Putalisadak, Kathmandu, Nepal
Ph : 977 1 4238008, 4216068
www.cdsc.com.np